# अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३

पृष्ठभुमी :

नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयले आगामी १ वर्ष भित्रमा अण्डामा नेपाल आत्म निर्भर हुनेछ भनी प्रतिवद्धता जाहेर गरेको छ । हाल नेपालमा बार्षिक करिव कुखुराको सख्या ४ करोड ८० लाख ७९ हजार मध्ये अण्डा दिने कुखुरा ८३ लाख ५० हजार रहेको सो बाट बार्षिक ९० करोड अण्डा उत्पादन हुन्छ । कूल उत्पादन र देशको जनसंख्याको हिसाब गर्दा हाल नेपालमा प्रति व्यक्ति प्रतिवर्ष ३३ वटा अण्डा उपलब्धता छ भने यसलाई १ वर्षभित्रमा ४८ वटा प्रति व्यक्ति पुऱ्याई देशलाई अण्डाको क्षेत्रमा आत्मनिर्भर बनाउनु एक चुनौतिपूर्ण कार्य हो । हाल नेपालमा कूल ४ करोड ८० लाख ७९ हजार भएतापनि अधिकांश कुखुराको संख्या ग्रामीण क्षेत्रमा स्थानीय नश्लका भएको र यिनीहरुको अण्डा उत्पादन औषतमा ७० देखी ८० वटा प्रति व्यक्ति प्रति वर्षमा उत्पादन हुने भएकोले आशातित सफलता प्राप्त गर्नका लागी शहरी क्षेत्रमा मात्र व्यवसायीक कुखुरापालनमा ख्याती कमाएको कमर्शियल जातका कुखुरालाई ग्रामीण क्षेत्रमा पनि व्यावसायिक रुपमा पालन गरी हाल भैरहेको उत्पादनमा थप गर्न अपरिहार्य छ । नेपाल सरकारको अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट यो कार्यविधि जारी गरिएको छ ।

१. प्रारम्भिकः

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३" रहेको छ ।

२. यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ।

ख) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ।

ग) "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ।

घ) "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ।

ङ) "कार्यदल" भन्नाले जिल्ला पशु विकास कार्यदल सम्झनु पर्नेछ।

च) "कार्यविधि" भन्नाले "अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३" सम्झनु पर्नेछ।

३. उद्देश्यहरु :

क. ग्रामिण कुखुरा प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख. खाद्य पोषण सुरक्षाको लागी ग्रामिण कुखुरा विकास गर्ने र व्यावसायिकरण गरि आय आर्जन श्रोतको रुपमा स्थापना गर्ने ।

ग. अण्डामा आत्मनिर्भर कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

४. कार्यक्रम सञ्चालन विधि :

४.१ ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम २३ जिल्लामा (ताप्लेजुग, पाचथर, ईलाम, सखुवासभा, ओखलढुङ्गा, सोलुखुम्बु, सिराह, सप्तरी, सर्लाहि, धनुषा, बारा, दोलखा, सिन्धुपाल्चोक, गोरखा, धादिङ्ग, मनाङ, मुस्ताङ, लम्जुङ, गुल्मी, म्याग्दी, बाजुरा, बैतडी, डोटी ) सचालन गरिनेछ । कार्यक्रमको प्रभावकारिता एव सफलता अनुसार अन्य जिल्लाहरुमा क्रमश कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

४.२ साना किसान लक्षित कुखुरा प्रवर्द्धन कार्यक्रम २० जिल्लामा ( भोजपुर, धनकुटा, तेह्रथुम, ओखलढुंगा, उदयपुर, रामेछाप, सिन्धुलि, नुवाकोट, तनहुं, स्याङ्जा, अर्घाखांची, पाल्पा, बाग्लुङ, पर्वत, रुकुम, रोल्पा, सल्यान, प्यूठान, सुर्खेत, डडेलधुरा ) संचालन गरिनेछ। कार्यक्रमको प्रभावकारिता एवं सफलता अनुसार अन्य जिल्लाहरुमा क्रमश कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

४.३ जिल्ला छनौट भई सकेपश्चात सम्वन्धित जि.प.से.का. हरुलाई केन्द्रिय बंगुर कुखुरा प्रवर्द्धन कार्यालय बाट जानकारी गराईनेछ, जि.प.से.का.ले प्राप्त सूचना बमोजिम कार्यक्रम संचालन स्थान/ नगरपालिका/गा.वि.स. विशेषको छनौट गर्दा तपसिलको बुंदामा ध्यान दिनुपर्नेछ । साथै स्थान छनौट कार्यदलबाट अनुमोदन गराउनु पर्नेछ ।

क) सम्वन्धित ठाउ होटेल, रेष्टुरेण्ट, होमस्टे वाहुल्य भएको ग्रामिण क्षेत्र वा विभिन्न लोकमार्ग/हुलाकी मार्ग वरीपरि रहेको

ख) छनौट गरिने स्थानमा विजुली, सडक, पानी एवं अन्य पूर्वाधार विकास भएको

ग) कृषक वा उद्यमी स्थानिय कुखुरा पालन गर्न ईच्छुक भएको,

## ५. ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम

क. ग्रामिण कुखुरापालन गर्ने स्थान/नगरपालिका/गा.वि.स. छनौट भए पश्चात सो स्थानमा रहेको स्थानिय/उन्नत पंक्षीको प्रारम्भीक तथ्यांक संकलन गरि कार्यालयलेले अभिलेख राख्नेछ र केन्द्रिय बंगुर कुखुरा प्रवर्द्धन कार्यालय तथा निर्देशनालयमा प्रतिवेदन पठाउनु पर्नेछ ।

ख. छनौट भएको स्थान/नगरपालिका/गा.वि.स.मा प्रारम्भीक सर्भेक्षण एवं कार्यक्रमको सम्भाव्यता एवं प्राविधिक उपयूक्तता हेरी एक समुहमा २० जना सदस्य कृषक रहने गरी प्रत्येक कार्यालयले २०० सदस्य रहेको १०/१० समुह गठन गर्नेछ ।

ग. गठित समुहका सदस्यहरुलाई कुखुरा पालन सम्वन्धि आधारभुत ३ दिने तालिम सम्वन्धित कार्यालयले सम्वन्धित सेवाकेन्द्रको समन्वयमा गर्नेछ ।.

घ. ग्रामिण कुखुरा प्रवद्धन कार्यक्रम संचालनार्थ छनौट भएका प्रति कृषक प्रति खोर निर्माणका लागि नेपाल सरकारको विनियोजित बजेटवाट अनुदान उपलब्ध गराई सो खोर निर्माण पश्चात प्रति कृषक २५ गोटा कम्तिमा ८ हप्ताको Dual Purpose चल्ला कार्यालयले ढुवानी सहित निशुल्क उपलब्ध गराउने छ ।

ङ ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रमको लागी आवश्यक चल्ला पशु विकास फार्म, पोखरा र कुखुरा विकास फार्म, खजुराले उपलब्ध गराउने छ । सो का लागि सम्वन्धित कार्यालयले कार्यक्रमको सुरुवातमा नै समन्वय गर्नेछ ।

च. चल्ला उत्पादन क्षमता अभिवृद्धिका लागी पशु विकास फार्म ,पोखरा र कुखुरा विकास फार्म खजुराको पुर्वाधार विकास खोर एवं व्यवस्थापकिय सुधार (ह्याचरीको क्षमता थप ) का लागी सम्वन्धित फार्मलाई अख्तियारी सहितको कार्यक्रम उपलब्ध गराईने छ ।

च. चल्ला उत्पादन क्षमता अभिवृद्धिका लागी पशु विकास फार्म पोखरा र कुखुरा विकास फार्म खजुराको पुर्वाधार विकास खोर एवं व्यवस्थापकिय सुधार (ह्याचरीको क्षमता थप) का लागी सम्बन्धित फार्मलाई अख्तियारी सहितको कार्यक्रम उपलब्ध गराईने छ ।

छ. एक दिने चल्लालाई ब्रुडिंग गरि ८ हप्ता सम्म हुर्काउन (वितरण पुर्व) का लागी १० जिल्ला ( झापा, मोरङ, चितवन, काभ्रे, नवलपरासी, रुपन्देहि, बाके, बर्दिया, कैलाली, कन्चनपुर ) मा चल्ला हुर्काउने केन्द्र स्थापना गरिनेछ । सो केन्द्र स्थापनाका लागि सुचना प्रकाशन गरि अनुसुचि १ बमोजिम ईच्छुक व्यक्ति, समुह वा संस्था लाई कार्यदलबाट अनुमोदन गराई छनौट पश्चात कार्यालयले सम्झौता गर्नेछ । प्रतिकेन्द्र प्रति चल्ला हुर्काउनका लागि एकमुष्ठ रु. ३०० (यस अवधिमा आवश्यक पर्ने खोपको व्यवस्थापन गर्नुपर्नेछ) अनुदान उपलब्ध गराईनेछ । साथै सो को वैकल्पिक व्यवस्था (Back up) को रुपमा सरकारी फार्मलाई समेत समन्वय र अनुरोध गरिनेछ ।

ज. कृषकले चल्ला प्राप्त गरिसके पश्चात हुर्काउने कममा निजलाई खोप, परजिवी नियन्त्रण एवं अन्य प्राविधिक सहयोग कार्यालय/सेवाकेन्द्रबाट निःशुल्क हुनेछ, खोपको सुरक्षाको लागि प्रत्येक कार्यालयलाई १/१ थान फ्रिज खरिद गर्न अख्तियारी सहितको कार्यक्रम उपलब्ध हुनेछ ।

## ६. साना किसान लक्षित कुखुरा प्रवर्द्धन कार्यक्रम

क. साना किसान लक्षित कुखुरा प्रवर्द्धन कार्यक्रम अन्तरगत कृषक, समुह छनौट र आधारभुत तालिम, खोप, परजीवी नियन्त्रण र प्राविधिक सहयोग प्रकृया माथी उल्लेख भए बमोजिम हुनेछ । एक समुहमा १० जना सदस्य कृषक रहने गरी प्रत्येक कार्यालयले १०० सदस्य रहेको १०/१० समुह गठन गर्नेछ ।

ख. साना किसान लक्षित कुखुरा प्रवर्द्धन कार्यक्रम अन्तरगत गठित समुहका कृषकलाई प्रति कृषक ७५ वटा को दरले १ दिने लेयर्स चल्ला ढुवानी सहित कार्यालय/सेवा केन्द्रले निशुल्क उपलब्ध गराउनेछ ।

ग. साना किसान लक्षित कुखुरा प्रवर्द्धन कार्यक्रम संचालन भएका जिल्लाहरुमा निजि तवरले न्यूनतम १०० गोटा लेयर्स कुखुरा पालन गरि रहेका वा पालन गर्न ईच्छा भएका कृषकहरुलाई प्रतिष्पर्धाको आधारमा ( Competitive Grant) प्रति जिल्ला १० कृषकका दरले प्रति कृषक/प्रति खोर निर्माण/सुधार अनुदान रु.३०,०००। , न्यूनतम २०० गोटा लेयर्स पालक लाई प्रति जिल्ला १० कृषक प्रति कृषक/प्रति खोर निर्माण/सुधार र अनुदान रु. ४०,०००। तथा न्यूनतम २०० भन्दा वढि पालकलाई प्रति जिल्ला १० कृषक, प्रति कृषक/ प्रति खोर निर्माण/सुधार अनुदान रु. ५०,०००। का दरले उपलब्ध गराईनेछ ।

घ. अनुदानको लागी कृषक छनौट प्रकृया:

प्राप्त प्रस्तावनाहरुको मूल्यांकन गरी निम्नानुसारको मूल्यांकन समितिले मूल्यांकन गरेर कृषक छनौट गर्नेछ:

| | |
|---|---|
| कार्यालयका प्रमुख | संयोजक |
| निर्देशनालयले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| कार्यालयको कार्यक्रम सम्पर्क अधिकृत | सदस्य सचिव |

मूल्यांकन गर्दा देहायका आधारमा गर्नुपर्नेछ:

१. कार्य योजना

२. कुखुरापालन तालिम अनुभव

३. व्यवसायको संभाव्यता/उपयुक्तता

४. पालीरहेका वा व्यवसाय शुरु गर्ने कुखुराको संख्या

४.१ खोरको अवस्था

४.२ दानापानीको अवस्था

४.३ जैविक सुरक्षाको अवस्था

मूल्याकन समितिले उपरोक्त आधारमा मूल्याकन गरी सो को विवरण स्वीकृतिका लागि कार्यदलमा पेश गर्नेछ । अनुदानका लागि अन्तिम छनौट भएका कृषकहरुको नामनामेसी सहितको विवरण कार्यालयले निर्देशनालय/केन्द्रिय बंगुर कुखुरा प्रवर्द्धन कार्यालयमा पठाउनु पर्नेछ ।

छनौट भएका कृषकहरु सँग सम्झौता बमोजिमको अनुदान रकम खोर निर्माण वा सुधार कार्य सम्पन्न गरि पन्क्षी स्टक पश्चात सम्बन्धित कृषकको खातामा एकमुष्ठ जम्मा कार्यालयले गर्नेछ ।

ङ. जिल्लास्तरमा संचालित ग्रामिण कुखुरा विकास तथा अण्डामा अत्मनिर्भर कार्यक्रम "सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय लक्षित पशुपन्छीपालन कार्यक्रमको कार्यविधि" सँग मिलान हुने गरी र निर्दशनालयले पेश गरेको इकाई दररेट अनुसार खर्च गर्नेगरी संचालन गरिने छ ।

७) आर्थिक प्रशासन सेवा:

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

८) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था:

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ। मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

९) थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बांधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुरार व्याख्या गर्न सक्नेछ ।

## अनुसुची १

### चल्ला हुर्काउने केन्द्र छनौटको लागि मुल्यांकनका आधारहरु

| कृषक / समुह वा संस्थाको नाम | हाल चल्ला हुर्काईरहेको संख्या ३० | | | प्राविधिक उपयुक्तता ४० | तालिम , अनुभव १० | जैविक सुरक्षा व्यवस्थापन २० | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ५ हजार सम्म १० | ५ हजार देखि १० हजार सम्म २० | १० हजार भन्दा माथि ३० | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |